# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७५/७६
च. नं.

### सूचनाको हक कार्यान्वयन सम्बन्धमा थाक्रे गाउँपालिकाका स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी समुदाय र समूहका व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रमको विज्ञप्ती

आज सूचनाको हक कार्यान्वयनका लागि धादिङ जिल्लाको थाक्रे गाउँपालिकाका स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी र समुदायका व्यक्तिहरुसँग सूचनाको हकसम्बन्धी अन्तरकिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा आयोगका शाखा अधिकृत श्री सन्ध्या सिग्देलले सूचनाको हकको महत्व दर्शाउँदै मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयोगका सूचना आयुक्त श्री कमला ओली थापाज्यूले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि थाक्रे गाउँपालिकाका अध्यक्ष श्री रामकुमार आचार्यज्यूले गर्नुभएको थियो ।

कार्यक्रममा आयोगका उप सचिव श्री विश्वबन्धु पौडेलज्यूले लोकतन्त्रमा सूचनाको हकको महत्व विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको उत्पत्ती, हाम्रा सार्वजनिक निकायको दायित्व, सूचना माग्ने र पाउने प्रकृयाको बारेमा चर्चा गर्नुभएको थियो । त्यसैगरी कार्यक्रको उद्देश्य, सूचनाको हकको महत्व, सादर्भिकता, सूचनाको हकसँग जोडिएर आउने गोपनीयताको हकको बारेमा आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालज्यूले कार्यपत्रको माध्यमबाट प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुती पश्चात सहभागीहरुको जिज्ञासा राख्ने क्रममा थाक्रे गाउँपालिकाका उपाध्यक्ष श्री अम्बिका रुपाखेतीले गाउँपालिकाले समय समयमा सूचना प्रवाह गर्ने गरेको तर सूचनाको अद्यावधिक गर्नको लागि जनशक्ति अभाव रहेको कुरा बताउनुभएको थियो । सहभागीहरुका तर्फबाट कार्य सम्पन्न नभई सूचना माग्न आउने गर्नाले सूचना कुन तहको दिने भन्नेमा अन्यौल थियो तर यस कार्यक्रमबाट सबै प्रष्ट भएको बताउनुभयो ।

सहभागीहरुले उठाएको कार्यपत्रबारे जिज्ञासाको जवाफ आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालज्यूले र समग्र जिज्ञासाको जवाफ सहित समापन मन्तव्यमा सूचना आयुक्त कमला ओली थापाज्यूले सूचना मागकर्ता र आपूर्तिकर्ताको बिचको सम्बन्ध राम्रो हुनपर्छ साथै सूचना माग्ने र दिने विषय सबैको साझा दायित्व सम्झनुपर्ने बताउनुभयो । सूचना मागकर्तालाई सूचना माग्नका लागि प्रेरित गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि अध्यक्ष श्री रामकुमार आचार्यज्यूले आफ्नो नगरपालिकाले वेवसाईटको व्यवस्था गरी सूचना प्रवाह गर्ने गरेको, सार्वजनिक सुनुवाईका कार्यक्रम गरेर सूचना सार्वजनिक गर्दै गरेको सूचना मागकर्तालाई सूचना दिने गरेको र सूचना प्रवाह गर्ने कुरामा जिम्मेवार हुनुपर्ने बताउनुभयो । कार्यक्रममा ५७ जनाको सहभागिता रहेको सो कार्यक्रम १२:३० देखि ४ बजे सम्म सञ्चालन भएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७७ पौष १६ गते बिहिबार